२०७५ साल जेष्ठ ०९ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय–

१. प्रशासन तथा विधेयक समितिको संलग्न प्रतिवेदन अनुसार परिमार्जित प्रादेशिक दूग्ध विकास बोर्ड विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति दिने ।

२. पर्वत जिल्लाको मोदी गाउँपालिकाको केन्द्र देउपुरबाट पातिचौर बजार सार्ने गरी परिवर्तन सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने।

३. आर्थिक कार्यविधि ऐन, २०७४ को पहिलो संसोधन प्रस्ताव प्रदेश सभामा पेश गर्ने स्वीकृति सम्बन्धी विषयको प्रस्तावमा देहाय बमोजिम हेरफेर थपघट गरी प्रदेश सभामा पेश गर्न स्वीकृति दिने

   १. दफा ९ (ङ) मा परिभाषामा परेको "प्रदेश प्रमुखको कार्यालय" भन्ने वाक्यांश हटाउने र "प्रदेश लोकसेवा आयोग र सो मातहतका कार्यालय वा निकाय" भन्ने वाक्यांश थप गर्ने ।

   २. दफा ९ (१) मा उल्लेखित एक महिना अगावै भन्ने वाक्यांशको सट्टा कम्तिमा पन्ध्र दिन अगावै भन्ने वाक्यांश राख्ने।

   ३. दफा १३ (२) को (क) मा उल्लेखित "अघिल्लो आर्थिक बर्षमा गरिएको अनुमान अनुसार राजश्व संकलन भए नभएको विवरणको साथै कर वा गैरकरमा छुट दिइएको विवरण" भन्ने वाक्यांशको सट्टा "यो ऐन प्रारम्भ भएको पहिलो आर्थिक बर्षको लागि यो प्राबधान लागू हुने छैन" भन्ने वाक्यांश राख्ने ।

   ४. दफा ३६ (४) मा उल्लेखित दफा ३६ को सट्टा दफा ३८ भन्ने वाक्यांश कायम गर्ने ।

   ५. दफा ६४ मा शीर्षक राख्न छुट भएकोमा "प्रदेश लेखा नियन्त्रक कार्यालयको व्यवस्था "भन्ने शीर्षक थप गर्ने ।